"पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र सम्बृद्धिसहितको भद्रपुर शहर"

# भद्रपुर नगरपालिका कार्यालय
## BHADRAPUR MUNICIPALITY OFFICE
भद्रपुर (झापा)
Bhadrapur, Jhapa

पत्र संख्या :-
चलानी नं. :-(Ref No.) ४८ मिति :-
राजस्व प्र.शाखा ०७३।०७३

# प्रथम पटक प्रकाशित मिति : २०७३।४।०५
# ठेक्का आह्वानको सूचना

स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली २०५६ र स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावलि, २०६४ मा व्यवस्था भए अनुसार जिल्ला विकास समितिले उठाउन पाउने भद्रपुर स्थित मेचि नदिमा तारघाट लौरी कर पटक पटक सुचना प्रकाशित गर्दा समेत कसै कोहि बाट बोल कबोल हुन नसकि ठेक्का बन्दोबस्त हुन नसकेको हुदा जिल्ला विकास समितिको च.न.४६८२ मिति २०७३।०३।२२ प्रत्र द्वारा ठेक्का बन्दोबस्त हुन नसकेको हुदा न.पा.बाट आवश्यक व्यवस्था गर्न भनि अक्तियारी दिएको हुदा उक्त सेवा शुल्क आगामी आ.व.०७३।०७४ वर्ष १ (एक) का यस भद्रपुर न.पा.को मिति २०७४।०४।०४ गतेको निर्णय अनुसार ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक स्वदेशी तथा विदेशी व्यक्ति, फर्म वा संस्थाले तोकिएको निम्न शर्तहरुको अधिनमा रही तपसिलमा उल्लेखित समय, मिति र स्थानमा गोप्य शिलबन्दी निवेदन दाखिला गर्न यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सबैलाई जानकारी गराइएको छ ।

**ठेक्काको विवरण**

| ठ.न | विवरण | न्यूनतम ठेक्का अंक रु. (वार्षिक) | शिलबन्दी निवेदन दाखिला गर्ने अन्तिम मिति, समय | शिलबन्दी निवेदन खोलिने मिति र समय |
|---|---|---|---|---|
| १ | तारघाट लौरी | १,२५,०००।०० | २०७३।०४।०७ गते १.०० बजेसम्म | २०७३।०४।०७ गते २.३० बजे पछि |

शर्तहरु :

१) उल्लेखित कबोल ठेक्का अंकको स्वदेशी नागरिक भए ५% तथा गैर नेपाली नागरिक भए १०% धरौटी रकम यस कार्यालयको नाउँमा खुलेको रा.वा.बैंक भद्रपुर स्थित च.हि.नं.२२१०३०३००३००२ (ग-३-२) धरौटी खातामा नगद जम्मा गरेको सक्कलै बैंक भौचर/ नगद शिलबन्दि निवेदनसाथ संलग्न राखी पेश गर्नु पर्नेछ । बैंक ग्यारेण्टीलाई मान्यता दिइने छैन ।

२) शिलबन्दि निवेदन साथ आन्तरिक राजश्व कार्यालय, भद्रपुरमा पान दर्ता गराएको प्रमाण पत्र अनिवार्य पेश गर्न पर्नेछ ।

३) शिलबन्दि निवेदनमा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

४) शिलबन्दि निवेदन खोल्ने काम समाप्त भएपछि कबोल गर्ने पहिलो, दोश्रो र तेस्रो तीन जनाले राखेको धरौटी रोक्का राखि अरुको हकमा फिर्ता दिने छ ।

५) गनी महसुल वापत एकमुष्ट रकम नगदै कार्यालयमा दाखिला गरेमा स्वीकृत ठेक्का अंक रकममा १०% प्रतिशत सम्मको रकम छुट दिन सकिनेछ । सो छुट सुविधा न.पा.का.ले तोकि दिएको ठेक्का

सम्झौता गर्ने समय, म्याद भित्र एक मुष्ठ रकम नगदै कार्यालयमा दाखिला गरि ठेक्का सम्झौता गरेमा मात्र दिइनेछ । किस्तावन्दी रुपमा रकम बुझाउनेको हकमा ठेकेदार आफुले कबोल गरेको कुल ठेक्का अंक रकमलाई २ (दुई) किस्तामा बुझाउनु पर्नेछ । पहिलो किस्ता ठेक्का सम्झौता गर्दा र अर्को किस्ता २०७३ भाद्र ७ गते भित्र बुझाउनु पर्नेछ । सो म्याद भित्र उल्लेखित किस्ता रकम यस न.पा.कार्यालयमा दाखिला हुन नआएमा वा नगरेमा सो म्याद पश्चात जुनसुकै समयमा जे जस्तो अवस्थामा भए पनि यस कार्यालयमा राखेको धरौटी नियमानुसार जफत गरि ठेक्का तोडी न.पा.ले आफ्नो नियन्त्रणमा लिई अर्को वैकल्पिक व्यवस्था मिलाउन सक्नेछ । न.पा.का.बाट ठेक्का लगाएको वा अमानतबाट असुल गरेको रकम ठेक्का तोडिएको ठेकेदारको रकम सँग जोडदा नपुग हुन आउने रमक ठेक्का तोडिएको ठेकेदारले राखेको धितो धनजमानि बैंक ग्यारेण्टी (परफरमेन्स बण्ड) बाट असुल उपर गरिनेछ । साथै ठेकेदारले राखेको उक्त धितो धन जमानि बैंक ग्यारेण्टी (परफरमेन्स बण्ड) बाट समेत नपुग भएमा ठेक्का तोडिएको ठेकेदारको घरघरानाबाट समेत असुल उपर गरिनेछ ।

६) ठेकेदारसँग ठेक्का सम्झौता गर्दा एकमुष्ठ रकम बुझाउने हकमा १.५% आयकर समेत सम्पुर्ण रकम दाखिला गरि सकेपछि र किस्ता बन्दी बुझाउनेको हकमा नेपाली नागरिक भए कुल ठेक्का अंकको ५% थप नगद धरौटी र गैह्र नेपाली नागरिक भए १०% थप नगद धरौटी रकम र कुल ठेक्का अंक रकमको २ (दुई) भागको एक भागले हुने रकममा नैपुग नगद दाखिला गर्नु पर्ने र वाकि दोश्रो किस्ताको हकमा उक्त रकम बरावर यस कार्यालयको नाउँमा खिचिएको मिति २०७४ श्रावण १५ गते सम्मको बैंक ग्यारेण्टी (परफरमेन्स बण्ड) पत्र यस कार्यालयमा दाखिला गरी ठेक्का सम्झौता गर्नु पर्नेछ ।

७) नेपाल सरकार वा नगरपालिकाले समय समयमा दिइएका नीति निर्देशन वा आदेशहरुको अक्षरशः पालना ठेकेदारले गर्नु पर्नेछ ।

८) कर, दस्तुर, शुल्क उठाउन प्रयोग हुने रसिदहरु छुट्टा छुट्टै ठेक्काका लागि अलग अलग रुपमा २ (दुइ) प्रति भएको रसिद ठेकेदार आफैले आफ्नै खर्चबाट छपाई सोमा कार्यालयको छाप र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित गराई सोको अभिलेख कार्यालयमा राखेर मात्र दस्तुर र सेवा शुल्क उठाउन प्रयोगमा ल्याउनु पर्नेछ । यदि सो प्रकृया पुरा नगरी प्रयोगमा ल्याइएको रसिद फेला परेमा न.पा.द्वारा नियमानुसार जरिवाना गर्न सकिनेछ ।

९) ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको स्थिती सृजना भएमा वा कार्यालय र ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

१०) ठेक्का अवधी भुक्तान भैसकेपछि आन्तरिक राजस्व कार्यालयबाट कर चुक्ताको पत्र पेश भए पछि मात्र धरौटी रकम फिर्ता गरिनेछ ।

११) निवेदकदाताले खामको बाहिर आफूले लिन चाहेको ठेक्काको नाम, निवेदनको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

१२) ठेक्का अवधी २०७३ श्रावण १ गतेदेखि २०७४ आषाढ मसान्त सम्म १ (एक) वर्षको हुनेछ ।

१३) कर, दस्तुर, शुल्क उठाउन पाउने कर दरबन्दीको विवरण तथा दर रेट दरभाउपत्र फारामसाथ प्राप्त हुनेछ ।

१४) निवेदन दाखिला गर्ने र खोल्ने दिन बिदा पर्न गएमा उक्त कार्य सोको भोलीपल्ट हुनेछ ।



कार्यालय प्रमुख : ०२३-४२०१६९, कार्यालय ४२०१४८, ४२००५५ Fax : 00977 23 520781

"पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र सम्बृद्धिसहितको भद्रपुर शहर"
# भद्रपुर नगरपालिका कार्यालय
## BHADRAPUR MUNICIPALITY OFFICE
भद्रपुर (झापा)
Bhadrapur, Jhapa

पत्र संख्या :-
चलानी नं. :-(Ref No.) ५४

मिति :-......................

राजस्व प्र.शाखा ०७३।०७३

१५) नगरपालिकाले तोकेको बाहेक अन्य ठाउँमा कर संकलन गर्न पाइने छैन ।

१६) ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

१७) शर्त राखी पेश गरेको, रित नपुगेको र म्याद नाघी आएको निवेदन माथि कार्वाही हुने छैन । कुनै चिठी, तार, टेलीफोन, फ्याक्स, इन्टरनेट आदि सञ्चार माध्यमबाट प्राप्त निवेदनलाई मान्यता दिइने छैन ।

१८) ठेक्का कबोल गर्ने व्यक्तिले नेपाल सरकारलाई बुझाउनु पर्ने आय कर, मूल्य अभिवृद्धि कर वा स्थानीय निकायलाई प्रचलित ऐन कानून बमोजिम बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क, आदि सबै ठेकेदार स्वयंले आफ्नै खर्चबाट बेहोर्ने गरी सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ

१९) ठेक्का संचालन गर्दा आवश्यक पर्ने कर्मचारी, रसिद, बिजुली, टेलिफोन आदिको व्यवस्था ठेकेदार आफैले गर्नु पर्नेछ ।

२०) नगरपालिका कार्यालयले तोकी दिए भन्दा बढी कर दस्तुर उठाएमा वा तोकिएका भन्दा बाहेकका वस्तुहरुमा कर दस्तुर उठाएमा नगरपालिकाले त्यसरी उठाएको कर दस्तुर ठेकेदारबाट फिर्ता गर्न लगाई निजलाई कार्यालयको निर्णयानुसार जरिवाना लगाइने छ ।

२१) ठेकेदारले असुल गर्ने सेवा शुल्कको दर रेट सूची सर्वसाधारणले देख्ने गरी अनिवार्य रुपमा राख्नु पर्नेछ ।

२२) माथिका ठेक्का संचालन गर्दा ठेक्का अवधि भित्र लामो समय सम्म कुनै प्रकारको हडताल, थुनछेक, कुटपिट वा अन्य कुनै कारणबाट कर तथा सेवा शुल्क संकलन गर्न नसकि बाधा पुग्न गई ठेकेदारले बन्द, हडताल, अवधिको रकम मिनाह माग गरेमा न.पा. बाट कुनै सुनवाई नहुने बन्दका कारण भएको सम्पुर्ण हानी नोक्शानी ठेकेदार स्वंयले आफ्नै खर्च घरघरानाबाट बहोर्नु पर्नेछ ।

२३) ठेकेदार फर्म, व्यक्ति वा संघ संस्थाले नगरपालिकालाई कुनै पनि पेश्कि, वाकि बक्यौता, कर दस्तुर तिर्न बुझाउन बाकि भई वक्यौता देखिएमा त्यस्तो ठेकेदार फर्म, व्यक्ति वा संघ संस्थाले पेश गरेको निवेदन स्वीकृत गरिने छैन ।

२४) माथि उल्लेखित शर्तहरु बाहेक अन्यको हकमा प्रचलित ऐन, कानून बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु सम्झौताका बखत निर्धारण हुनेछ ।

२५) यस सम्बन्धमा थप कुराहरु बुझ्न आवश्यक परेमा कार्यालय समय भित्र यस कार्यालयको राजश्व प्रशासन शाखामा सम्पर्क राख्न हुन सकिनेछ ।

..........
(कार्यकारी अधिकृत)

E:\tax department\Taxdepartment\Thekka sambandhi\ठेक्का सुचना २०७३।७४.doc

Fax : 00977 23 520781